## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४३

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिमको कानेपोखरी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष **श्री ताराबहादुर काफले** ज्यूको अध्यक्षतामा आज मिति २०७८ साल चैत्र २३ गते बुधबार विहान ८.०० बजे कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, बयरबन, रमाइलोको सभाहलमा देहाय बमोजिमका गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी तपसिलमा उल्लेखित प्रस्तावहरु उपर छलफल गर्दै निम्न बमोजिमका निर्णयहरु पारित गरियो।

उपस्थिति

| सि.नं. | कानेपोखरी गाउँ कार्यपालिकाका पदाधिकारीहरुको नाम | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री ताराबहादुर काफ्ले | गाउँपालिका अध्यक्ष | |
| २. | श्री राजमती इङ्नाम | गाउँपालिका उपाध्यक्ष | |
| ३. | श्री दिपेश कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री कृतिमान लिम्बु | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री निर्मला भण्डारी | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री शिवकुमार राजबंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री नरबहादुर धिमाल | गाउँ कार्यपालिका सदस्य | |
| | श्री सन्तोष घिमिरे, प्रमुख प्रशासकीय अधिकृत | गाउँ कार्यपालिका सचिव | |



## कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७८।१२।२३ गते बसेको बैठकको निर्णय

## कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४३

२०७८।१२।२३

अन्य उपस्थितिः

| सि.नं. | कर्मचारीको नाम थर | दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री अजित भट्टराई | लेखा अधिकृत | |
| २. | श्री गोविन्द प्रसाद फुयल | अधिकृत छैठौं प्रशासन | |
| ३. | श्री चुडामणी कोइराला | MIS Operator | |
| ४. | श्री अशोक घिसिङ | क.अ. | |

**प्रस्ताव नं.** (१)

जनता आवास कार्यक्रमका लागि लाभग्राही छनोट गर्ने।

**प्रस्ताव नं.** (२)

प्रदेश सम्पूरक अनुदानमा आयोजना माग गर्ने।

**प्रस्ताव नं.** (३)

सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरुलाई शैक्षिक अवलोकन भ्रमणमा पठाउने।

**प्रस्ताव नं.** (४)

एम्बुलेन्स खरिद प्रकृया अघि बढाउने।

**प्रस्ताव नं.** (५)

प्रमुख प्रशासकीय अधिकृत, राजस्व तथा आर्थिक प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा र सामान्य प्रशासन शाखालाई भुँईतल्लामा सार्न लाग्ने अनुमानित खर्च व्यवस्थापन गर्ने।

**प्रस्ताव नं.** (६)

निर्वाचन अधिकृतको कार्यालय व्यवस्थापन गर्ने।

**प्रस्ताव नं.** (७)

मानवसेवा आश्रम, मोरङलाई पुंजीगत सहयोग उपलब्ध गराउने।

**प्रस्ताव नं.** (८)

आर्थिक विकास समितिबाट सिफारिस स्यालो ट्युबवेल/खानेपानी ट्युबवेल जडान/गडान र च्यापकटर पाउने लाभग्राहीको नामावली अनुमोदन गर्ने।

**प्रस्ताव नं.** (९)

भूमि सम्बन्धी स्थानीय सेवा केन्द्रमा खटिई आएका प्राविधिक कर्मचारीहरुलाई कार्यसञ्चालन निर्देशिका बमोजिम खाना/खाजा खर्च र सवारीसाधनको व्यवस्था मिलाउने।



**कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७८।१२।२३ गते बसेको बैठकको निर्णय**

कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्या: १४३

२०७८।१२।२३

**प्रस्ताव नं.** (१०)

३ नं. वडा र ६ नं. वडाको योजनाको रकम भुक्तानी गर्ने।

**प्रस्ताव नं.** (११)

मेडिकल अधिकृतका लागि क्वाटर व्यवस्थापन गर्ने।

**प्रस्ताव नं.** (१२)

५ नं. वडामा रहेको गाउँपालिकाको स्वामित्वको जग्गा घेराबारा गर्ने।

**प्रस्ताव नं.** (१३)

गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा एकीकृत व्यवस्थापन सूचना प्रणाली निर्माण प्रकृया तत्काल अघि बढाउने।

**प्रस्ताव नं.** (१४)

सामाजिक सेवा सुरक्षा कोषबाट उपलब्ध गराइएको रकम अनुमोदन गर्ने।

**प्रस्ताव नं.** (१५)

५ वर्षे कार्यकालमा गाउँपालिकाबाट भए/गरेका समग्र कामकारवाहीको समीक्षा गर्दै अबका दिनमा चाल्नुपर्ने कदम तय गर्ने।

**प्रस्ताव नं.** (१६)

स्वास्थ्य वीमा कार्यक्रमका लागि नपूग हुन आउने रकम समपूरक कोषबाट थप गर्ने।

**प्रस्ताव नं.** (१७)

लेखापाल श्री नारायण दंगाललाई सामाजिक सुरक्षा (आर्थिक सहायता) उपलब्ध गराउने।

**निर्णय नं. (१)**

प्रस्ताव नं. (१) माथि छलफल गर्दा कानेपोखरी गाउँपालिकाको गाउँ सभा अधिवेशन (विशेष) ले संशोधन/स्वीकृत गरेको जनता आवास कार्यक्रमबाट खर्च लेख्ने गरी गाउँपालिका क्षेत्रभित्रका देहाय बमोजिमका लाभग्राहीहरुलाई उक्त कार्यक्रमका लागि छनोट गर्ने र सभाले निर्णय गरे बमोजिम कार्यक्रम सञ्चालन प्रकृया तत्काल अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहाय:**

| सि.नं. | लाभग्राहीको नाम, थर | वडा | कैफियत |
|---|---|---|---|
| १ | पुरब यादव | १ | |
| २ | पदम बहादुर बस्नेत | २ | |

| | | | |
|---|---|---|---|
| ३ | सनमाया सार्की | २ | |
| ४ | डिल्लु झाँगर | २ | |
| ५ | दल्लु सुतियार | २ | |
| ६ | तुलसी दनुवार | ३ | |
| ७ | केशर लिम्बु | ३ | |
| ८ | चुर बहादुर धिमाल | ३ | |
| ९ | दुखिया चौधरी | ३ | |
| १० | चन्द्र बहादुर बस्नेत | ३ | |
| ११ | लक्ष्मी कुमारी मुसहरनी | ३ | |
| १२ | दयावती कुमारी रिसिदेव | ३ | |
| १३ | मीना कुमारी गिरी | ४ | |
| १४ | विष्णु धिमाल | ४ | |
| १५ | सन्तोष धिमाल | ५ | |
| १६ | शम्भु दर्जी | ५ | |
| १७ | पवित्रा कुमारी माझी | ५ | |
| १८ | अनिल गिरी | ६ | |
| १९ | विना नेपाली | ६ | |
| २० | तारा कठेत | ६ | |
| २१ | सुरेश माझी | ६ | |
| २२ | तेज बहादुर परियार | ६ | |
| २३ | भक्त बहादुर परियार | ६ | |
| २४ | निशान जोगी | ७ | |
| २५ | नविन राई | ७ | |
| २६ | धन बहादुर डाँगी | ५ | |
| २७ | भक्त बहादुर राजबंशी | २ | |

यसका साथै गाउँ कार्यपालिकाको मिति २०७८।११।२० गते बसेको बैठक (बैठक संख्या १४१) ले जनता आवास कार्यक्रममा ५ नं वडाका लाभग्राहीको नाम अनिता कुमारी सरदार हुनुपर्नेमा अनिल सरदार भएको र सोही वडाका बलराम चौधरी सुधार गृह बसेको हुँदा निजको श्रीमती कविता चौधरीको नाम लाभग्राहीको रुपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालय र ५ नं. वडा कार्यालयलाई निर्देशन दिने निर्णय समेत सर्वसम्मतीले पारित गरियो।

<u>निर्णय नं.</u> (२)

प्रस्ताव नं. (२) माथि छलफल गर्दा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश नं. १, विराटनगरको चलानी नं. ६२४, मिति २०७८।१२।०३ गते प्रकाशित

समपूरक अनुदान सम्बन्धी सूचना अनुसार आगामी आर्थिक वर्ष २०७९।०८० का लागि देहायमा उल्लिखित आयोजना समपूरक अनुदानमा माग गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

देहायः

क. दलेली धावीटोल, नारायणचोकपूर्वको सडक कालोपत्रे आयोजना

ख. घुरघुराचोकदेखी कोलटोल जाने सडक स्तरोन्नती आयोजना।

निर्णय नं. (३)

प्रस्ताव नं. (३) माथि छलफल गर्दा गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापक/शिक्षकहरुलाई श्री सिनाम नमुना माध्यमिक विद्यालय, ताप्लेजुङमा शैक्षिक अवलोकन भ्रमणमा लैजानका लागि शिक्षा तथा सामाजिक विकास शाखाबाट पेश हुन आएको कार्यक्रम बाँडफाँड सहितको परियोजना र सो परियोजना प्रस्तावको रकम रु.४,५०,०००।०० (अक्षरुपी चार लाख पचास हजार रुपैंया मात्र) स्वीकृत गर्ने र उक्त प्रस्तावमा उल्लेख भएको रकम २ नं. वडाका वालवालिकालाई गाउँपालिका भ्रमण कार्यक्रम (रु.१,५०,०००।००) बाट र नपूग हुन आउने रकम चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रम खर्च (२२५२२) बाट खर्च व्योहोर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (४)

प्रस्ताव नं. (४) माथि छलफल गर्दा गाउँ सभा अधिवेशन (विशेष) द्वारा स्वीकृत कानेपोखरी अस्पतालका लागि एम्बुलेन्स खरिद आयोजनालाई प्रचलित कानून बमोजिम नेपाल सरकारबाट प्राप्त हुने भन्सार छुट लगायतको अन्य सुविधा प्राप्त गर्ने गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीमा उल्लेख भएको छिटो माध्यमबाट खरिद गर्ने उपयुक्त विधिको अवलम्बन गरी तत्काल खरिद गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

निर्णय नं. (५)

प्रस्ताव नं. (५) माथि छलफल गर्दा प्रमुख प्रशासकीय अधिकृत, राजस्व तथा आर्थिक प्रशासन शाखा, योजना तथा अनुगमन शाखा, पूर्वाधार विकास शाखा र सामान्य प्रशासन शाखालाई भुँईतल्लामा सारी एकीकृत सेवा प्रवाह गर्न पूर्वाधार विकास शाखाबाट तयार भएको लागत अनुमानमा गाउँ सभा अधिवेशन (विशेष) ले स्वीकृत गरेको बजेट मात्रले

रकम नपूग हुने देखिएको हुँदा लागत अनुमानमा उल्लेख भएको नपूग रकम **पूर्वाधारका विभिन्न निर्माण सुधार** शीर्षकबाट खर्च लेख्ने गरी निर्माण प्रकृया अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (६)**

प्रस्ताव नं. (६) माथि छलफल गर्दा निर्वाचन अधिकृतको कार्यालय स्थापना र व्यवस्थापनका लागि लाग्ने खर्च गाउँ सभा अधिवेशन (विशेष) द्वारा स्वीकृत **नागरिक आरोग्य सेवा केन्द्र स्थापना तथा व्यवस्थापन** शीर्षकबाटै खर्च लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (७)**

प्रस्ताव नं. (७) माथि छलफल गर्दा मानवसेवा आश्रम, मोरङलाई देहाय बमोजिमको व्यवस्था मिलाई **पूर्वाधारका विभिन्न निर्माण सुधार** शीर्षकबाट खर्च लेख्ने गरी पुँजीगत सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

"बढीमा दुई लाख रुपैंयासम्मको पूर्वाधारजन्य संरचनाको लागत अनुमान तयार गरी उक्त संरचना निर्माण कार्य गर्न कार्यालयले आश्रमसँग सम्झौता गर्ने र, कार्य सम्पन्न भए पश्चात् मात्र नियमानुसार रकम फरफारक गर्ने व्यवस्था मिलाउने"

**निर्णय नं. (८)**

प्रस्ताव नं. (८) माथि छलफल गर्दा गाउँ सभा अधिवेशनद्वारा स्वीकृत स्यालो ट्युबवेल/खानेपानी ट्युबवेल जडान/गडान र च्यापकटर लगायतका कार्यक्रम सञ्चालनका लागि गाउँ कार्यपालिकाको विभिन्न मितिमा बसेको बैठक समेतले निर्णय गरेको संख्याको सीमामा रही सम्बन्धित वडा एवम् कृषि विकास र पशु सेवा शाखाबाट प्राप्त सिफारिस समेतलाई आधार मानी गाउँ कार्यपालिका मातहतको आर्थिक विकास समितिको मिति २०७८।१२।१९ गते बसेको बैठकले निर्णय गरी उल्लिखित कार्यक्रम सञ्चालनका लागि यस बैठक समक्ष सिफारिस गरेको लाभग्राहीहरुको नामावलीका बारेमा जानकारी भयो र उक्त लाभग्राहीहरुको नामावलीलाई अनुमोदन गर्दै कार्यक्रम सञ्चालन प्रकृया तत्काल अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (९)**

प्रस्ताव नं. (९) माथि छलफल गर्दा भूमिको नापजाँचका लागि भूमि आयोगबाट खटिई आएका प्राविधिक कर्मचारीहरुलाई कार्यालय समयभन्दा बाहेकको समयमा समेत काममा परिचालन गर्न भूमि सम्बन्धी स्थानीय सेवा केन्द्रले खटनपटन गर्ने तथा सो कार्यमा खटिने प्राविधिक तथा अन्य कर्मचारीहरुलाई कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७७ मा व्यवस्था भए बमोजिम खाना/खाजा खर्च उपलब्ध गराउने र उक्त कार्यको नियमित अनुगमन गर्न एक थान सवारीसाधन भाडामा लिने तथा उल्लिखित दुवै कार्यको लागि लाग्ने खर्च गाउँ सभा अधिवेशन (विशेष) बाट स्वीकृत भूमिहिन, सुकुम्बासी, अव्यवस्थित वसोबास सम्बन्धी नापजाँच, ज.द.द.पु.पु. सम्बन्धी कार्य शीर्षकबाट लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं. (१०)**

प्रस्ताव नं. (१०) माथि छलफल गर्दा गत आर्थिक वर्षमा सम्झौता भई सोही आर्थिक वर्षमै कार्यसम्पन्न भएका तर कार्यसम्पन्न प्रतिवेदन बमोजिमको रकम भुक्तानी हुन भने बाँकी रहेका देहायका योजनाको भुक्तानी गाउँ सभा अधिवेशन (विशेष) द्वारा स्वीकृत **आ.व. २०७७/०७८ मा सम्झौता भई कोभिड १९ का कारण सम्पन्न हुन नसकी क्रमागत रुपमा रहेका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी दिन बाँकी** शीर्षकबाट कार्यसम्पन्न प्रतिवेदन बमोजिमको रकम भुक्तानी दिन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**देहायः**

क. ३ नं. वडाको सलबले चोकबाट किसानचोक जाने सडक मर्मतसम्भार उपभोक्ता समितिले सञ्चालन गरेको आयोजना,

ख. ६ नं. वडाको निलम भण्डारीको घर पश्चिम होली मर्मतसम्भार उपभोक्ता समितिले सञ्चालन गरेको आयोजना।

**निर्णय नं. (११)**

प्रस्ताव नं. (११) माथि छलफल गर्दा कानेपोखरी अस्पतालमा रातको समयमा समेत मेडिकल अधिकृत (एमबिबिएस) सहितको जनशक्तिको उपलब्धता सुनिश्चित गर्न बर्थिङ सेण्टर भवनको माथिल्लो तलामा सुविधा सम्पन्न क्वाटर निर्माण तथा

व्यवस्थापन गर्ने र यस कार्यका लागि लाग्ने खर्च **स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा मर्मत सम्भार** शीर्षकबाट लेख्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१२)

प्रस्ताव नं. (१२) माथि छलफल गर्दा ५ नं. वडामा रहेको गाउँपालिकाको स्वामित्वको जग्गा संरक्षणका लागि घेराबाराको व्यवस्था तत्काल मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१३)

प्रस्ताव नं. (१३) माथि छलफल गर्दा गाउँ सभा अधिवेशन (विशेष) द्वारा स्वीकृत गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालयमा एकीकृत व्यवस्थापन सूचना प्रणाली निर्माण प्रकृया तत्काल अघि बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**निर्णय नं.** (१४)

प्रस्ताव नं. (१४) माथि छलफल गर्दा सम्बन्धित वडाको सिफारिसमा कार्यविधिमा व्यवस्था भएको प्रावधान बमोजिम गाउँपालिकाका अध्यक्ष ज्यूको निर्णय बमोजिम हालसम्म वितरण गरिएका सामाजिक सेवा सुरक्षा कोषबाट उपलब्ध गराइएको रकम अनुमोदन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

**प्रस्ताव नं.** (१५)

प्रस्ताव नं. (१५) माथि छलफल गर्दा ५ वर्षे कार्यकालमा गाउँपालिकाबाट प्रवाह भएका विकास निर्माण तथा सेवा प्रवाहका सम्बन्धमा कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्ण पदाधिकारीहरुबीच व्यक्तिगत तथा सामूहिकरुपमा समीक्षा भयो। ५ वर्षे कार्यकालमा गाउँपालिकालाई संस्थागत गर्न अवलम्बन गरिएका प्रयास, त्यसबाट प्राप्त उपलब्धी, कमी कमजोरी जस्ता विषयलाई समेटेर अबको दिनमा स्थानीय तहको निर्वाचन मार्फत चुनिएर आउने जनप्रतिनिधिको कार्यकालमा विकास निर्माण र समग्र सार्वजनिक सेवा प्रवाह मार्फत अझ बढी सफल बनाउन नीतिगत तथा कार्यक्रमगत तवरले गर्नुपर्ने सुधारका विषय पहिचान गरी निर्वाचित भएर आउने नयाँ गाउँ कार्यपालिका समक्ष पेश गर्न देहाय बमोजिमको एक कार्यदल गठन गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

कानेपोखरी गाउँ कार्यपालिकाको बैठक संख्याः १४३

**देहायः**

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| राजस्व तथा आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| विषयगत शाखाका प्रमुखहरु | सदस्य |
| सामान्य प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**प्रस्ताव नं.** (१६)

प्रस्ताव नं. (१६) माथि छलफल गर्दा स्वास्थ्य वीमा कार्यक्रम सञ्चालनका लागि चालू आर्थिक वर्षमा विनियोजित बजेट मात्रले उक्त कार्यक्रम सञ्चालनका लागि रकम नपूग हुने भनी राजस्व तथा आर्थिक प्रशासन शाखाबाट जानकारी प्राप्त हुन आएकाले नपूग हुन आउने रकम (बढीमा पाँच लाख रुपैंया) समपूरक कोष (कार्यक्रम) बाट थप गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतीले पारित गरियो।

**प्रस्ताव नं.** (१७)

प्रस्ताव नं. (१७) माथि छलफल गर्दा राजस्व तथा आर्थिक प्रशासन शाखामा कार्यरत लेखापाल श्री नारायण दंगाल कार्यालयको काम सकेर घर फर्किने क्रममा यही मिति २०७८ साल चैत्र १८ गते शुक्रबार बेलुका ६.३० बजे रमाइलो बजार उत्तरपट्टिको मुल सडकमा मोटरसाइकल दुर्घटनामा पर्नु भएको हुँदा औषधि उपचार खर्च वापत् बीस हजार रुपैंया सम्बन्धित बजेट शीर्षकबाट उपलब्ध गराउने निर्णय सर्वसम्मतीले पारित गरियो।

आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो।



कानेपोखरी गाउँ कार्यपालिकाको मिति २०७८।१२।२३ गते बसेको बैठकको निर्णय